# सूर्योदय नगरपालिकाको स्वास्थ्य (दोस्रो संशोधन) ऐन, २०८२

नगर सभाबाट स्वीकृत मिति: २०८२।१२।२३

**प्रस्तावना:** सूर्योदय नगरपालिकाको स्वास्थ्य ऐन, २०७८ मा भएका केही व्यवस्थाहरू समयसापेक्ष संशोधन गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२६ ले दिएको अधिकार प्रयोग गरी सूर्योदय नगरपालिकाको नगर सभाले यो ऐन बनाइ लागू गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यो ऐनको नाम "सूर्योदय नगरपालिकाको स्वास्थ्य (प्रथम संशोधन) ऐन, २०८२" हुनेछ।

(२) यो ऐन नगर सभाबाट पारित भई प्रमाणित भए पश्चात् तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा:

(क) "मूल ऐन" भन्नाले "सूर्योदय नगरपालिकाको स्वास्थ्य ऐन, २०७८" लाई जनाउनेछ।

३. **मूल ऐनको दफा २ मा संशोधन:** मूल ऐनको दफा २ मा रहेका परिभाषाहरूलाई नेपाली वर्णानुक्रम अनुसार मिलाएर राखिएको छ।

४. **मूल ऐनको दफा ५ मा संशोधन:** मूल ऐनको दफा ५ मा देहायको उपदफा (७) थपिएको छ:-

**देहाय:**

"(७) नगरपालिकाले, नेपाल सरकारले निःशुल्क रूपमा प्रदान गर्ने भनि तोकेको औषधी बाहेक अन्य औषधी सुपथ मूल्यमा उपलब्ध गराउन सक्नेछ।"

५. **मूल ऐनको दफा ६ मा संशोधन:** मूल ऐनको दफा ६ को उपदफा (१) बमोजिमको नगर अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिमा देहायका सदस्यहरू थप गरिएको छ:-

**देहाय:**

"नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत, नगरपालिका स्वास्थ्य शाखा प्रमुख, अस्पताल लेखा हेर्ने कर्मचारी (लेखा प्रमुख), नगरपालिका सार्वजनिक खरिद इकाई/शाखा प्रमुख।"

६. **मूल ऐनको दफा ७ मा संशोधन:** मूल ऐनको दफा ७ को व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा देहायको खण्ड (प) थपिएको छ:-

**देहाय:**

"(प) व्यवस्थापन समितिले आफ्नो आन्तरिक आम्दानीबाट चिकित्सक तथा स्वास्थ्यकर्मीलाई प्रोत्साहन रकम उपलब्ध गराउन सक्नेछ। त्यस्तो प्रोत्साहन रकम प्रदान गर्ने विधि तोकिए बमोजिम हुनेछ।"

७. **मूल ऐनको दफा ८ मा संशोधन:** मूल ऐनको दफा ८ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ:-

**देहाय:**

"(१) व्यवस्थापन समितिका पदेन पदाधिकारीहरू बाहेकको पदावधि नियुक्ति भएको मितिले पाँच (५) वर्षको रहनेछ।"

८. **मूल ऐनको दफा १० मा संशोधनः** मूल ऐनको दफा १० को उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छः-

**देहायः**

"(३) उपदफा (१) बमोजिम रहेको बैंक खाता अस्पतालका ज्येष्ठ स्थायी कर्मचारी र प्रमुख प्रशासकीय अधिकृतले तोकेको स्थायी कर्मचारीको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ।"

९. **मूल ऐनको दफा ११ मा संशोधनः** मूल ऐनको दफा ११ को उपदफा (१) को खण्ड (क) देखि (झ) सम्मको सट्टा देहायका खण्डहरू राखिएका छन्:-

**देहायः**

"(क) १५ शैया सम्मको अस्पताल,

(ख) स्वास्थ्य क्लिनिक, आयुर्वेदिक क्लिनिक, होमियोप्याथी क्लिनिक र यस्तै प्रकारका अन्य क्लिनिकहरू,

(ग) औषधी पसल,

(घ) पुनर्स्थापना केन्द्र,

(ङ) जेरियाट्रिक परामर्श केन्द्र,

(च) प्रयोगशाला,

(छ) वैकल्पिक तथा प्राकृतिक चिकित्सा सम्बन्धी सेवा,

(ज) तोकिए बमोजिमका अन्य स्वास्थ्य सेवा।"

१०. **मूल ऐनको दफा १४ मा संशोधनः** (१) मूल ऐनको दफा १४ को उपदफा (१) को खण्ड (ङ) मा रहेको 'कानुन शाखा प्रमुख' लाई झिकी सोही स्थानमा "प्राविधिक शाखाबाट १ जना इन्जिनियर र कर्मचारी प्रशासन शाखा प्रमुख १ जना" थपिएको छ।

(२) मूल ऐनको दफा १४ को उपदफा (४) को सट्टा देहायको उपदफा (४) राखिएको छः-

**देहायः**

"(४) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।"

११. **मूल ऐनको दफा १६ मा संशोधनः** (१) मूल ऐनको दफा १६ को उपदफा (१) को प्रारम्भिक वाक्यांशको सट्टा देहायको वाक्यांश राखिएको छः-

**देहायः**

"दर्ता तथा नवीकरण प्रयोजनको लागि पूर्वाधार, स्थायी भौतिक संरचना एवं स्वास्थ्य उपकरणको अनुगमन गरी कार्यपालिकालाई सिफारिस गर्न देहाय बमोजिमको प्राविधिक उप-समिति गठन हुनेछ।"

(२) मूल ऐनको दफा १६ को उपदफा (१) मा रहेका खण्ड (छ) र खण्ड (ज) खारेज गरिएका छन्।

(३) मूल ऐनको दफा १६ को उपदफा (२) मा रहेको "कार्यपालिकाले" भन्ने शब्दको सट्टा "दफा १४ बमोजिमको समितिले" भन्ने शब्दहरू राखिएका छन्।

१२. **मूल ऐनको दफा १८ मा संशोधनः** मूल ऐनको दफा १८ को उपदफा (१) मा रहेको "नगरपालिकाले" भन्ने शब्दको सट्टा "दफा १४ बमोजिमको समितिले" भन्ने शब्दहरू राखिएका छन्।

**१३. मूल ऐनको दफा १९ मा संशोधन:** मूल ऐनको दफा १९ का उपदफा (२), (३), (४) र (५) मा रहेका "कार्यपालिका" भन्ने शब्दको सट्टा "नगरपालिका" भन्ने शब्द राखिएको छ।

**१४. मूल ऐनको दफा २० मा संशोधन:** मूल ऐनको दफा २० मा देहायको उपदफा (२) थपिएको छ र साविकको व्यवस्थालाई उपदफा (१) कायम गरिएको छ:-

**देहाय:**

"(२) उपदफा (१) बाहेकको आन्तरिक आम्दानी भएका स्वास्थ्य संस्थाहरूले स्वीकृत दरबन्दी बमोजिम थप कर्मचारी राख्न आवश्यक भएमा नगरपालिकाको स्वीकृति लिई करारमा कर्मचारी राख्न सक्नेछ।"

**१५. मूल ऐनको दफा २२ मा संशोधन:** मूल ऐनको दफा २२ मा देहायको उपदफा (४) थपिएको छ:-

**देहाय:**

"(४) नगरपालिकाभित्र सञ्चालित सरकारी स्वास्थ्य संस्थाहरूको हकमा समेत उपदफा (१), (२) र (३) लागु हुनेछ।"

**१६. मूल ऐनको दफा २५ मा संशोधन:** मूल ऐनको दफा २५ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ:-

**देहाय:**

"(१) सामुदायिक र सरकारी स्वास्थ्य संस्थाले नगरवासीलाई सुपथ मूल्यमा गुणस्तरीय औषधि उपलब्ध गराउने प्रयोजनका लागि आफैले छुट्टै फार्मेसी सञ्चालन गर्न सक्नेछ।"

**१७. मूल ऐनको दफा २७ मा संशोधन:** मूल ऐनको दफा २७ मा देहायको उपदफा (२) थपिएको छ र साविकको व्यवस्थालाई उपदफा (१) कायम गरिएको छ:-

**देहाय:**

"(२) उपदफा (१) बमोजिम छुट्याइने बजेट सम्बन्धी थप व्यवस्था तोकिए बमोजिम हुनेछ।"

**१८. मूल ऐनको दफा २९ मा संशोधन:** (१) मूल ऐनको दफा २९ का उपदफा (१) र (२) मा रहेको "कार्यपालिका" भन्ने शब्दको सट्टा "नगरपालिका" भन्ने शब्द राखिएको छ।

(२) मूल ऐनको दफा २९ को उपदफा (४) मा रहेको "कार्यपालिकाले निर्धारण गरे बमोजिम" भन्ने शब्दहरूको सट्टा "प्रचलित कानुन बमोजिम" भन्ने शब्दहरू राखिएका छन्।

**१९. मूल ऐनको दफा ३१ मा संशोधन:** (१) मूल ऐनको दफा ३१ को उपदफा (२) मा रहेको "कार्यपालिकालाई" भन्ने शब्दको सट्टा "नगरपालिकालाई" भन्ने शब्द राखिएको छ।

(२) मूल ऐनको दफा ३१ को उपदफा (५) मा रहेको "नगरपालिकाले" भन्ने शब्दको सट्टा "कार्यपालिकाले" भन्ने शब्द राखिएको छ।

**२०. मूल ऐनको दफा ३२ मा संशोधन:** (१) मूल ऐनको दफा ३२ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ:-

**देहाय:**

"(१) महामारी वा जनस्वास्थ्यमा अन्य कुनै गम्भीर खतरा देखिएमा कार्यपालिकाले प्रदेश तथा संघीय सरकारसँग समन्वय गरी आफ्नो क्षेत्र भित्र जनस्वास्थ्य आपतकाल घोषणा गर्न संघीय सरकार वा प्रदेश सरकारलाई अनुरोध गर्न सक्नेछ।"

(२) मूल ऐनको दफा ३२ का उपदफा (२), (३), (४), (५), (६), (७) र (८) खारेज गरिएका छन्।

२१. **मूल ऐनको दफा ३३ मा संशोधन:** मूल ऐनको दफा ३३ का उपदफा (२), (३) र (४) हटाई सोको सट्टा देहायका उपदफा (२) र (३) राखिएका छन्:-

**देहाय:**

"(२) नगरपालिका क्षेत्रभित्र आधारित भई सञ्चालन हुने एम्बुलेन्स तथा शववाहन सञ्चालन प्रचलित कानुन बमोजिम हुनेछ।

(३) कार्यपालिकाले वेवारिसे तथा आर्थिक रूपमा विपन्न परिवारको लागि एम्बुलेन्स तथा शववाहन सञ्चालन गर्न आवश्यक कानुन निर्माण गर्न सक्नेछ।"

२२. **मूल ऐनको दफा ३८ मा संशोधन:** मूल ऐनको दफा ३८ मा देहायको उपदफा (२) थपिएको छ र साविकको व्यवस्थालाई उपदफा (१) कायम गरिएको छ:-

**देहाय:**

"(२) उपदफा (१) बमोजिमको पेशागत सुरक्षा र कार्य मैत्री वातावरण निर्माण गर्ने दायित्व कार्यपालिकाको हुनेछ।"

२३. **मूल ऐनको दफा ४३ खारेजी:** मूल ऐनको दफा ४३ (सुर्ति, मदिरा तथा सुर्तिजन्य पदार्थको नियमन सम्बन्धी व्यवस्था) खारेज गरिएको छ।

२४. **मूल ऐनको दफा ४५ मा संशोधन:** मूल ऐनको दफा ४५ का उपदफा (१) र (६) मा रहेका "कार्यपालिकाले" भन्ने शब्दको सट्टा "नगरपालिकाले" भन्ने शब्द राखिएको छ।

२५. **मूल ऐनको दफा ४७ मा संशोधन:** मूल ऐनको दफा ४७ मा रहेको "बिरामीलाई" भन्ने शब्दको सट्टा "सेवाग्राहीलाई" भन्ने शब्द राखिएको छ।

२६. **मूल ऐनको दफा ५१ खारेजी:** मूल ऐनको दफा ५१ (पुनरावेदन दिन सक्ने व्यवस्था) खारेज गरिएको छ।

२७. **मूल ऐनको दफा ५४ मा संशोधन:** (१) मूल ऐनको दफा ५४ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ:-

**देहाय:**

"(१) स्वास्थ्य सम्बन्धी घुम्ती शिविर वा स्वास्थ्य सम्बन्धी अन्य सेवा तथा कार्यक्रमहरू स्वास्थ्य शाखाको अनुमति तथा समन्वयमा सञ्चालन गर्नु पर्नेछ।"

(२) मूल ऐनको दफा ५४ को उपदफा (२) खारेज गरिएको छ।

२८. **मूल ऐनको दफा ५७ मा संशोधन:** मूल ऐनको दफा ५७ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ:-

**देहाय:**

"(१) स्थानीय अवस्था र आवश्यकता तथा सेवाको प्रकृतिका आधारमा नगरपालिकाले आफ्नो मातहतको स्वास्थ्य संस्था मार्फत विशेषज्ञ सेवा प्रदान गर्न सक्नेछ ।"